का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०

# प्रशिक्षक मोन्टीको सम्झौता नवीकरण नहुने

**रमेश सुवेदी**/नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीका मुख्य प्रशिक्षक मोन्टी देसाईको सम्झौता नवीकरण नहुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले भारतीय नागरिक मोन्टीको सम्झौता नवीकरण नगर्ने तयारी गरेको हो। त्यसका लागि क्यानले आगामी बोर्ड बैठकबाट अन्तिम निर्णय गर्नेछ।

क्यानका सचिव पारस खड्काले पदाधिकारीलाई अनौपचारिक छलफलमै प्रशिक्षक मोन्टीको सम्झौता नवीकरण नहुने बताइसकेका छन्। यस विषयमा सचिव खड्काले प्रशिक्षकसँग पनि सल्लाह भएको जानकारी पदाधिकारीलाई दिएका थिए। 'उहाँ (सचिव खड्का)ले प्रशिक्षक मोन्टीसँगको सम्झौता नवीकरण नहुने बताउनुभएको छ। प्रशिक्षकसँग पनि सल्लाह भइसकेको जानकारी आएको छ,' क्यानका एक सदस्यले नयाँ पत्रिकालाई बताए।

मोन्टी ०७९ माघदेखि नेपाली टिमको मुख्य प्रशिक्षक थिए। यसअघि मोन्टीले सन् २०१७ मा नेपालको यू-१९ टिमको ब्याटिङ सल्लाहकारका रूपमा काम गरेका थिए। मोन्टीको आगमनसँगै नेपालले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ को अन्तिम १२ मध्ये ११ खेल जित्दै चार वर्षका लागि एकदिवसीय मान्यता जोगाएको थियो।


फाइल तस्बिर

### विश्वकपसँगै हटाउने चर्चा

गत असारमा नेपालले दोस्रोपटक आइसिसी टी-२० विश्वकप खेलेसँगै मोन्टीलाई हटाउने चर्चा चलेको थियो। विश्वकपमा नेपालले दक्षिण अफ्रिका, बंगलादेश, श्रीलंका र नेदरल्यान्ड्ससँग खेल्दा मात्र १ अंक जोड्यो। त्यसपछि नै मोन्टीलाई निरन्तरता दिन नहुने छलफल चलेको थियो। तर, लिग २ को मिति नजिकै भएकाले त्यससम्मलाई सम्झौता थप गरिएको सदस्य दुर्गाराज पाठकले बताए। 'विश्वकपमा खराब नतिजापछि नै हटाउने चर्चा थियो। तर, लिग २ सम्मलाई निरन्तरता दिने भनियो। फेरि कसले र कसरी थप तीन महिना (डिसेम्बर)सम्म सम्झौता गरेको रहेछ। यस विषय आगामी कार्यसमिति बैठकमा छलफल हुन्छ।'

### पछिल्लो १२ मध्ये आठ खेलमा पराजित

आइसिसी पुरुष क्रिकेट विश्वकप लिग २ मा नेपाल पछिल्ला १२ मध्ये आठ खेलमा पराजित भएको छ। २ खेल मात्र जित्दा मोन्टी दबाबमा छन्। उनको आलोचना पनि हुन थालेको छ। नेपालले फेब्रुअरीमा नेदरल्यान्ड्सलाई नौ विकेट तथा अक्टोबरमा स्कटल्यान्डलाई ५ विकेटले हराएको थियो। नेपाल लिग २ को खेलमा नामिबिया, नेदरल्यान्ड्स, क्यानडा र ओमानसँग पराजित भइसकेको छ।

### त्यो १२ मध्ये ११ खेलमा अविश्वसनीय जित....

२ चैत ०७९ मा नेपालले १२ मध्ये ११ खेलमा अविश्वसनीय जित निकाल्दै पुनः चार वर्षका लागि एकदिवसीय मान्यता जोगाएको थियो। त्यही समयमा नेपालले मोन्टी देसाईलाई प्रशिक्षक नियुक्त गर्‍यो। उनको आगमनसँगै नेपाले १२ मध्ये ११ खेल जितेको हो। त्रिवि क्रिकेट मैदानमा ब्याड लाइटका कारण खेल रोकिएपछि डिएसएल आधारमा युएईलाई अन्तिम खेलमा ९ रनले हराउँदै नेपालले जिम्बावेमा आयोजना हुने ग्लोबल छनोटमा स्थान बनाएको थियो।

मोन्टी ०७९ माघदेखि नेपाली टिमको मुख्य प्रशिक्षक

**क्यान प्रवक्ता छुम्बी लामा भन्छन्**- अहिले नै निर्णय भएको छैन

### विश्वकपपछि नै नल्याउने भन्ने थियो

**दुर्गाराज पाठक, सदस्य, क्यान**



विश्वकपमा नराम्रो प्रदर्शन भएपछि नै टोलीसँग नहुने कुरा थियो। पछि फेरि लिग २ मा राम्रो प्रदर्शन भए सम्झौता गर्ने गरी छलफल भएको हो। तर, लिग २ को अमेरिका र क्यानडा भ्रमणमा राम्रो नतिजा आएन। त्यसपछि पनि कसले, किन तीन महिना कुनै प्रतियोगिता नै नहुँदा सम्झौता थप गरियो। त्यतिकै दुई-तीन महिनाको तलब दिएर राखियो।

### लिग २ का पछिल्ला १२ खेलका नतिजा

| | |
|---|---|
| नामिबिया | चार विकेटले पराजित |
| नेदरल्यान्ड्स | ९ विकेटले विजयी |
| नामिबिया | २ विकेटले पराजित |
| नेदरल्यान्ड्स | ८ विकेटले पराजित |
| क्यानडा | १०३ रनले पराजित |
| ओमान | १ विकेटले पराजित |
| क्यानडा | ५ विकेटले पराजित |
| ओमान | रद्द |
| अमेरिका | ३ विकेटले पराजित |
| स्कटल्यान्ड | ५ विकेटले विजयी |
| अमेरिका | ३७ रनले पराजित |
| स्कटल्यान्ड | अनिर्णीत |

## खेल संक्षेप

### दोलखा र सिन्धुली विजयी

**मकवानपुर**/ बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा दोलखा र सिन्धुलीले विजयी सुरुवात गरेका छन्। हेटौँडा- ५ स्थित पिप्ले-क्याम्पा रंगशालामा बिहीबार सम्पन्न दुई खेलमा दोलखाले नुवाकोटलाई र सिन्धुलीले भक्तपुरलाई पराजित गरेका हुन्। पहिलो खेलमा दोलखाको टाइगर टिमले नुवाकोटको बटार युथ क्लबलाई २-१ ले पराजित गर्‍यो। दोलखाको जितका लागि सुजन माझी र संग्राम श्रेष्ठले गोल गरेका हुन्। नुवाकोटका तर्फबाट किशोर पण्डितले पेनाल्टीमार्फत एक गोल फर्काए। दोस्रो खेलमा सिन्धुलीको ब्लु अल्पलाइन क्लबले भक्तपुरको थिमी युथ क्लबलाई ३-० ले हरायो।

### हिमालयन शेर्पा र प्याब्सनबिच सम्झौता

**काठमाडौं**/ ग्रासरुट फुटबल कार्यक्रम सञ्चालनका लागि सहिद स्मारक 'ए' डिभिजन लिग क्लब हिमालयन शेर्पा र प्याब्सन बुढानीलकण्ठबिच सम्झौता भएको छ। बिहीबार सम्झौतापत्रमा क्लबका अध्यक्ष कर्माछिरिङ शेर्पा र प्याब्सन बुढानीलकण्ठका अध्यक्ष राधेश्याम श्रेष्ठले हस्ताक्षर गरे।

सम्झौताअनुसार बुढानीलकण्ठ नगरपालिकाभित्रका विद्यालयका बालबालिकालाई लक्षित गरी फुटबल प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट स्थानीय प्रतिभालाई पहिचान गर्दै उनीहरूको खेलकुद कौशललाई प्रोत्साहन गर्ने लक्ष्य राखिएको छ। सम्झौताअनुसार हिमालयन शेर्पा क्लबले अनुभवी प्रशिक्षक उपलब्ध गराउनुका सथै स्थानीय प्रशिक्षकको क्षमता वृद्धिका लागि सहयोग गर्नेछ।

## राखेप बोर्ड सदस्यमा एमाले र कांग्रेसबाट समान चार सदस्य नियुक्त

**नयाँ पत्रिका**

राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा आठजना बोर्ड सदस्य नियुक्त भएका छन्। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले रिक्त रहेका सदस्यमध्ये आठजनालाई नियुक्त गरेको हो। खेलकुदमन्त्री तेजुलाल चौधरीले मन्त्रिपरिषद्मा कांग्रेस र एमाले पृष्ठभूमिका समान चारजनाको नाम सिफारिस गरेका हुन्। यद्यपि, रिक्त रहेको उपाध्यक्षको विषयमा कुनै निर्णय भएको छैन।

सप्तरीबाट निर्वाचित कांग्रेसका सांसद रहेका चौधरीले कांग्रेस पृष्ठभूमिका भानबहादुर चन्द, शान्तिकुमारी चौधरी, आनन्दकुमार झा, कमलबहादुर भट्टराईलाई नियुक्ति दिएका छन्। भानबहादुर कांग्रेस सभापति शेरबहादुर देउवाका भान्जा हुन्। उनी हाल तेक्वान्दो संघका उपाध्यक्ष रहेको तथा ३५ वर्षदेखि तेक्वान्दोसँग जोडिएका छन्। त्यस्तै, एमालेनिकट नन्दा बस्याल, सुवर्ण श्रेष्ठ, हिमाल श्रेष्ठ र जगतसिंह धामी रहेका छन्। नन्दा र सुवर्ण बोर्ड सदस्यमा दोहोरिएका हुन्।

## ओलम्पिक कमिटीको निर्वाचन रोक्न अन्तरिम आदेश

**नयाँ पत्रिका**

नेपाल ओलम्पिक कमिटी (एनओसी)को निर्वाचन रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको छ। शारंगा सुवेदीको एकल इजलासले बिहीबार निर्वाचनबारेको मुद्दामा कारण देखाऊ र अन्तरिम आदेश जारी गरेको हो। योसँगै १३ पुसमा हुने भनिएको ओलम्पिक कमिटीको निर्वाचन रोकिने भएको छ। निर्वाचन रोक्न कमलबहादुर चित्रकारले रिट दायर गरेका थिए। अध्यक्ष जीवनराम श्रेष्ठले एनओसी विवादमा राज्यले हस्तक्षेप गरेको आरोप लगाउँदै आएका छन्।

नेपाल कराँते महासंघका अध्यक्ष युवराज लामाले अदालतको अन्तरिम आदेशसँगै ओलम्पिक कमिटीको विधिवत् विवाद सुरु भएको बताएका छन्। 'आजबाट विधिवत् राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेपाल ओलम्पिक कमिटीको विवाद सुरु भयो,' राष्ट्रिय खेलकुद परिषद् (राखेप)का पूर्वसदस्यसचिव लामाले भने, 'विगतमा स्व. रुक्मशमशेर जबरा नेतृत्वको एनओसी र ध्रुवबहादुर प्रधान नेतृत्वको एनओसीबिच चरम विवादपछि एकता भएर एउटै ओलम्पिक कमिटी थियो।'

### आजबाट विधिवत् विवाद सुरु

**युवराज लामा, अध्यक्ष, कराँते महासंघ**



आजबाट विधिवत् राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेपाल ओलम्पिक कमिटीको विवाद सुरु भएको छ। खेलकुद ऐन, २०७७ मा एउटा मात्र नेपाल ओलम्पिक कमिटी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीमा आबद्ध र मान्यता प्राप्त गरेको हुनुपर्ने लेखिएको छ। मूल कारण कांग्रेस र एमाले कार्यकर्ताबिच ओलम्पिक कमिटी कसले कब्जा गर्ने भन्ने संकीर्ण प्रवृत्तिले विवाद सुरु गरेको देखिन्छ।

लामाले अब आगामी दिन नेपाली खेलाडीका लागि अप्ठेरो हुने देखिएको बताएका छन्। यसअघि ध्रुवबहादुरले विधानअनुसार दुई कार्यकाल नेतृत्व सम्हालेपछि जीवनरामलाई सुम्पिएका थिए। जीवनरामले एनओसीको विधान संशोधन गर्दै तेस्रो कार्यकाल अध्यक्ष रोजेपछि विवाद उत्कर्षमा पुगेको हो।

### अध्यक्षका लागि तीनजना प्रतिस्पर्धामा थिए

८ पुसमा भएको उम्मेदवारी मनोनयनबाट एक अध्यक्ष पदका लागि तीनजनाको प्रतिस्पर्धा हुने पक्का भएको थियो। दुई कार्यकाल पूरा गरिसकेका जीवनराम श्रेष्ठका साथै वर्तमान महासचिव निलेन्द्रराज श्रेष्ठ र ह्यान्डबलका तेजबहादुर गुरुङ प्रतिस्पर्धामा थिए। अनलाइनमार्फत उम्मेदवारी दर्ता गराएपछि उपाध्यक्षमा कबड्डीकी तुलशा थापा र जुडोका दीपकहर्ष बज्राचार्यले उम्मेदवारी फिर्ता लिएका थिए।

बाँकी सबै पद निर्विरोध रहेको थियो। उपाध्यक्षमा वर्तमान उपाध्यक्ष एवं टेनिस संघकी अध्यक्ष ज्योति राणा, पौडीका अशोकरत्न बज्राचार्य, टेबुलटेनिसका चतुरानन्द वैद्य, तेक्वान्दोका प्रकाशशमशेर राणा, हक्कीका अनिल शर्मा, सुटिङका पुष्पदास श्रेष्ठ र साइक्लिङका गोपाल सुन्दरलाल कक्षपति उपाध्यक्षमा निर्विरोध चयन भएका थिए। महासचिवमा नेपाल ज्यापिटङ एन्ड कनोइङ संघका अध्यक्ष राजीव श्रेष्ठ निर्विरोध निवार्चित हुँदा सहमहासचिवमा ब्याडमिन्टनका रामजीबहादुर श्रेष्ठ छन्।

Coca-Cola

**बोटलर्स नेपाल लिमिटेडका शेयरधनी महानुभावहरूलाई छयालीसौं वार्षिक साधारण सभाको सूचना**

**(प्रथम पटक मिति २०८१/०९/०४, विहीबार, नयाँ पत्रिकामा प्रकाशित गरिएको)**

मिति २०८१/०८/०५ गते, बुधबार (तदनुसार २० नोभेम्बर, २०२४) बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको छयालीसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय र स्थान**

- मिति : २०८१, पुस २६ गते (तदनुसार १० जनवरी २०२५)
- समय : दिउँसो ४ बजे।
- स्थान : होटल ऱ्याडिसन, लाजिम्पाट, काठमाण्डौं।

(सभा ठीक तोकिएको समयमा संचालन हुने भएकोले उपस्थिति पुस्तिका ३:३० बजे देखि खुला राखिने छ।)

**छलफलका विषय सूची**

**१. सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने।

ख) प्रबन्ध संचालकको पारिश्रमिक वृद्धि पारित गर्ने।

**२. विशेष प्रस्ताव**

क) एकिकृत वित्तिय विवरण, सम्वत् २०८१ असार ३१ गते सम्मको वासलात, आ. व २०८०/८१ को आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरिक्षकको प्रतिवेदन स्वीकृत गर्ने।

ख) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने। *(श्री पि.के.एफ टि.आर उपाध्याय एण्ड को (फर्म रजिष्ट्रेशन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर) लाई आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न रु.६,००,००० (छ लाख मात्र) पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ती गर्ने प्रस्ताव गरिएको)।*

**३. विविधः** XXX

दृष्टव्यः छयालीसौं वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८१/०९/१९ (तदनुसार ३ जनवरी, २०२५) गते कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१८(तदनुसार २ जनवरी, २०२५) गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडबाट प्राप्त हुने शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ।

संचालक समितिको आदेशानुसार

.................................

**प्रतीमा बर्मा**
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ। कुनै कारणवश कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौंमा सम्पर्क गर्नुहुन सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन र प्रोक्सी फारम कम्पनीको वेवसाईट www.bnl.com.np बाट समेत अध्ययन गर्न सकिने छ।

२. सभामा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र/BOID (हितग्राही खाता नम्बर) अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ। कुनै शेयरधनी माहानुभावहरुले कुनै कारणवश सो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुने अनुरोध गरिएको छ।

३. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेलमा अनुरोध गर्नु पर्नेछ।

४. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत नेहा प्रजापती neha.prajapati@nabilinvest.com.np वा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ।

५. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ। कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ।

६. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ।

७. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ।

८. अन्य कुनै जानकारीको लागि कृपया कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौंमा अथवा फोन नं. ४३५२२९४वा ४३५२९८८ ext. २१६ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, फोन नं. ४५११६०४ ext. ११७ वा १४५ मा सम्पर्क गर्नु होला।

Coca-Cola

**बोटलर्स नेपाल (तराई) लिमिटेडका शेयरधनी महानुभावहरूलाई अठतिसौं वार्षिक साधारण सभाको सूचना**

**(प्रथम पटक मिति २०८१/०९/०४, विहीबार, नयाँ पत्रिकामा प्रकाशित गरिएको)**

मिति २०८१ साल मंसिर ०५ गते, बुधबार (तदनुसार नोभेम्बर २०, २०२४) बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीकौं अठतिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**मिति, समय र स्थान**

- मिति : २०८१, पुष २६ गते (तदनुसार जनवरी १०, २०२४)
- समय : दिउँसो १२:०० बजे।
- स्थान : होटल ऱ्याडिसन, लाजिम्पाट, काठमाण्डौं।

(सभा ठीक तोकिएको समयमा संचालन हुने भएकोले उपस्थिति पुस्तिका ११:०० बजे देखि खुला राखिने छ।)

**छलफलका विषय सूची**

**१. सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने।

ख) सम्वत् २०८१ असार ३१ गतेसम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन स्वीकृत गर्ने।

ग) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने। *(श्री पि.के.एफ टि.आर उपाध्याय एण्ड को (फर्म रजिष्ट्रेशन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर) लाई आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न रु.६,५०,०००/- (छ लाख पचास हजार मात्र)पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ती गर्ने प्रस्ताव गरिएको)।*

घ) कम्पनीको नगद लाभाशं वितरण गर्ने बारे *(संचालक समितिले प्रति शेयर रु.५०/- (पचास मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव गरिएको)*।

**२. विशेष प्रस्तावः** XXX

**३. विविधः** XXX

दृष्टव्यः अठतिसौं वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति २०८१/०९/१९ (तदनुसार ३ जनवरी, २०२५) गते कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१८(तदनुसार २ जनवरी, २०२५) गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडबाट प्राप्त हुने शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ।

संचालक समितिको आदेशानुसार

.................................

**प्रतीमा बर्मा**
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ। कुनै कारणवश कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौंमा सम्पर्क गर्नुहुन सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन कम्पनीको वेवसाईट www.bnl.com.np बाट अध्ययन गर्न सकिने छ।

२. सभामा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र/BOID (हितग्राही खाता नम्बर) अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ। कुनै शेयरधनी माहानुभावहरुले कुनै कारणवश सो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुने अनुरोध गरिएको छ।

३. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेल मा अनुरोध गर्नु पर्नेछ।

४. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत नेहा प्रजापती neha.prajapati@nabilinvest.com.np वा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ।

५. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ। कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ।

६. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ।

७. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ।

८. अन्य कुनै जानकारीको लागि कृपया कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौंमा अथवा फोन नं. ४३५२२९४ वा ४३५२९८८ ext. २१६ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायण चौर नक्साल, फोन नं. ४५११६०४ ext. ११७ वा १४५ मा सम्पर्क गर्नु होला।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com